मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २४१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन १४ गते बुधवार (Wednesday, July 29. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## उत्खनन् सही नहुँदा नदीमा भिरालोपन बढ्यो



अमित खम्बू

**अर्जुनधारा, साउन १३ ।** प्रकृतिसँगै मानव सृजित नदीजन्य सामग्री उत्खननको विधि र परिमाण सही नहुँदा विगतका वर्षहरुभन्दा यस वर्ष नदीमा भिरालोपन बढेको भूगर्भविद् यदुनाथ तिम्सिनाले बताएका छन् ।

अर्जुनधारा नगरपालिकाद्वारा मंगलबार आयोजित कार्यक्रममा चालू आर्थिक वर्ष ०७७/०७८मा विरीङ र टाङटिङ नदीको प्रारम्भिक वातावरणीय परीक्षण (आईई) मस्यौदा प्रतिवेदन अनुसार उत्खनन् गर्न सकिने नदीजन्य सामग्रीको विवरण बारे जानकारी दिने क्रममा भूगर्भविद् तिम्सिनाले यस्तो बताएका हुन् ।

नदीमा बढेको भिरालोपनका कारण नदीको सतह गहिरिने, कटानको जोखिम भई तटीय क्षेत्र परिवर्तन हुनेलगायतका समस्याहरु सिर्जना हुने हुँदा त्यसको नियन्त्रणको लागि जति मात्रामा नदीजन्य सामग्री बगाएर ल्याउँछ अर्थात् ( Annual Sediment Budget) बराबर उत्खनन् गर्नुपर्ने र थोरै लगानीमा सानो-सानो चेक ड्यामहरु निर्माण गर्नुपर्ने उनले सुझाए ।

त्यसैगरी कार्यक्रममा चालू आर्थिक वर्षमा आईई मस्यौदा प्रतिवेदन अनुसार उत्खनन् गर्न सकिने नदीजन्य सामग्रीहरुको विवरण प्रस्तुत गरिएको थियो । जसअनुसार विरीङ नदीको दुईवटा प्याकेज अन्तर्गत सातवटा क्षेत्रमा र टाङटिङ नदीको एउटा प्याकेज अन्तर्गत पाँचवटा क्षेत्रमा उत्खनन् गर्न सकिने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

विरीङ नदीको दुईवटा प्याकेज अन्तर्गत निर्माणाधीन सिस्ने-जयपुर पुल पाँच सय मिटर उत्तर क्षेत्र, निर्माणाधीन सिस्ने-जयपुर पुल पाँच सय मिटर दक्षिण क्षेत्र, गढी-विरीङ पुल पाँच सय मिटर उत्तर क्षेत्र, गढी-विरीङ पुल पाँच सय मिटर दक्षिण क्षेत्र, रमाइलो बस्ती/पाराखोपी उत्तर क्षेत्र, विरीङ-टाङटिङ दोभान पूर्व विरीङ नदीतर्फको क्षेत्र र लाबरबोटे उत्तरको क्षेत्र रहेका छन् ।

त्यस्तै टाङटिङ नदीको एउटा प्याकेज अन्तर्गत भिमले पश्चिमको क्षेत्र, टाङटिङ पाँच सय मिटर उत्तर/कृषि सहकारी क्षेत्र, टाङटिङ पुल पाँच सय मिटर दक्षिणको क्षेत्र, सिंहबाहिनी (खैरेनी) तटबन्धनको क्षेत्र र बाघेडाँगीको क्षेत्र रहेका छन् । प्रतिवेदनमा दैनिक दुई सय घन मिटरको दरले वार्षिक उत्खनन् गर्न सकिने परिमाण अन्तर्गत विरीङ नदीको दुईवटा प्याकेजबाट ९३ हजार ५० घनमिटर र टाङटिङ नदीको एउटा प्याकेजबाट ७९ हजार सात सय ५० घनमिटर गरी जम्मा एक लाख ७२ हजार आठ सय घनमिटर रहेको उल्लेख गरिएको छ । जसको न्यूनतम् अंक विरीङ नदीतर्फ एक करोड ६९ लाख ७६ हजार आठ सय ९१ रुपैयाँ सात पैसा र टाङटिङ नदीतर्फ एक करोड ४१ लाख १४ हजार ८१ रुपैयाँसहित जम्मा तीन करोड १० लाख ९० हजार नौ सय ७२ रुपैयाँ ७ पैसा रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उक्त विवरण प्राविधिकसहितको अनुगमन समितिको टोलीले गरेको अनुगमन पश्चात् प्रस्तुत भएको प्रस्तावित प्रतिवेदन भएको हुँदा थप छलफलबाट प्राप्त राय, सल्लाह र सुझावको आधारमा प्राविधिकबाट फाइनल प्रतिवेदन प्राप्त हुने वरिष्ठ कार्यक्रम तथा योजना अधिकृत हिमराज सेढाईंले जानकारी दिए ।

नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेश १का सांसद् वृख प्रधान, नगर सभा सदस्य कुन्दन भट्टराई, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नगर सचिव राजु शेर्मा, नेपाली कांग्रेस नगर सचिव मुक्तिनाथ सुवेदी, राप्रपाका प्रतिनिधि लवकुश गिरी, अर्जुनधारा प्रेस क्लबका सचिव प्रेम आचार्यलगायतले जिज्ञासासहित सुझाव पेश गरेका थिए । उपप्रमुख कमला खतिवडा आचार्यले स्वागत गरेको कार्यक्रमको सञ्चालन वरिष्ठ कार्यक्रम तथा योजना अधिकृत सेढाईंले गरेका थिए ।

## झापा आन्दोलनका योद्धा बृद्धाश्रममा



**बिर्तामोड, साउन १३ ।** समाज रुपान्तरणका लागि होमिएका वीरबहादुर श्रेष्ठले समाज रुपान्तरण भएको त देख्न पाए तर आफ्नो परिवारलाई रुपान्तरण गर्न भने सकेनन् ।

समाज रुपान्तरणका लागि २०२२ सालबाट क्रान्तिमा लागेका श्रेष्ठले आफ्ना छोराछोरी नभए पनि आफ्ना बनाएका छोराछोरीको नागरिकता समेत बनाइदिँदै घरजमको बन्दोबस्त समेत मिलाए । तर, आज तिनै छोराछोरी कहाँ छन् उनलाई अत्तोपत्तो छैन । छ त केवल त्यसबेला उठाएको क्रान्तिको याद अनि समाज रुपान्तरणको एजेन्डा । २०२८ सालको झापा बिद्रोहमा उनले अग्रमोर्चामा रहेर काम गरेका थिए । उनले मोर्चा सम्हाल्दा धेरैलाई शाही सत्ताको दमनबाट बचाएका थिए ।

सैन्य विभागको कमाण्ड सम्हालेका उनलाई २०२८ सालमा तत्कालीन शाही सत्ताले गिरफ्तार गर्दै जेल हाल्यो । ०३३ सालसम्म काराबासमा रहँदा उनले अहिलेको प्रधानमन्त्री केपी शर्मा ओलीसँगै जेल जीवन बिताए । 'शालिन र भद्र स्वभावका देखिए पनि केपी शर्मा ओली पढेलेखेको भएकाले त्यसबेला उनलाई अग्रमोर्चामा राखिएको थियो' - श्रेष्ठले भने ।

आन्दोलनमा होमिँदा ठूलै सपना बोकेर युद्ध मैदानमा थियौं हामी । अहिले सबैले आ-आफ्नो दुनो सोझ्याए । तर, आफू भने यसरी आश्रममा आश्रित भएर बस्नु परेको छ- श्रेष्ठले विगत सम्झिँदै भने- 'समाज परिवर्तनसँगै म र मेरो परिवारले सुखको अनुभूति गर्ने ठूलै आशा थियो, तर आन्दोलनले न घरको र घाटको बनायो ।'

किसान आन्दोलनलाई सम्झदै श्रेष्ठले भने- 'त्यही बेला बुटन चौधरीको हत्या भयो । धमाधम सहयात्री, सहयोद्धाको हत्या हुन थालेपछि केही समय भारतमा गएर जीवन जोगाए । तर, क्रान्तिले उम्लिएको रगत कहाँ भारत बस्न सकिन्थ्यो र नेपाल फर्किएर पुनः आन्दोलनमा सहभागी भएँ । आन्दोलनमा सहभागी भएका मध्ये केपी ओली, राधाकृष्ण मैनाली लगायतलाई गिरफ्तार गर्दै काठमाडौंको सेन्टर जेल लगियो । म पनि जेलमा नै थिए । राजाको जन्मोत्सवमा २०३३ सालमा मात्र छुटेको हुँ ।'

'झापाको सालबारी नजिकै श्रीमतीलाई छाडेर आन्दोलनमा होमिएको थिएँ । दिनदुःखी मान्छे हामी नगरी खान पुग्दैन्थ्यो । अधिया जोतेर खान्थ्यौं । साहु माजनले कहिलेकाहीँ पाकेको बाली उठाएर लाँदा समेत बोल्न सक्ने अवस्था थिएन त्यो बेला । त्यही बेला किसान आन्दोलन भएको थियो'- उनले भने- 'अहिले समाज परिवर्तन भयो, मुलुक नयाँ व्यवस्थामा गयो तर त्यसबेला हामीले गरेको क्रान्तिको अहिले कुनै मूल्यांकन छैन । म जस्ता धेरै क्रान्तिका योद्धा असहाय छन् अहिले । जीवन मरणको दोसाँधमा हुँदा समेत पार्टीले हेरेको छैन । आन्दोलनमा लाग्दा घर त गुम्यो गुम्यो जीवन नै

*(बाँकी अन्तिम पृष्ठमा)*


## सटरमा आगलागी हुँदा ८ लाखको क्षति

**भद्रपुर, साउन १३ ।** भद्रपुर-८स्थित मेची अस्पतालको सटरमा मंगलवार बिहान आगलागी भएको छ ।

अस्पतालको गेट अगाडिको सटर पसल भाडामा लिएका दुर्गा तथा खेमकुमार कार्कीले सञ्चालन गर्दै आइरहेको मनिष पान पसलमा आगलागी भएको वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक डम्बर पुरीले जानकारी दिए । आगलागीबाट ८ लाख रुपैयाँ बराबरको क्षति भएको जनाइएको छ । प्रहरीका अनुसार मंगलवार बिहान ३ बजे विद्युत् सट भई पसलमा आगलागी भएको हो ।

आगलागीबाट पसलमा रहेका रेडिमेट कपडा, कस्मेटिक, किराना, फ्रिज, फर्निचर लगायतका सामान जलेर नष्ट भएको छ । पसलमा लागेको आगो भद्रपुर नगरपालिकाको दमकल र प्रहरीले नियन्त्रणमा लिएको थियो ।

## चोरीमा संलग्न ४ जना पक्राउ



**सुनसरी, साउन १३ ।** बसमा लुटपाट गर्ने ४ जनाको समूहलाई इलाका प्रहरी कार्यालय इटहरीले पक्राउ गरी सार्वजानिक गरेको छ ।

साउन ९ गते धरानबाट इटहरी आइरहेको बसमा सवार धरान उपमहानगरपालिका-८का ५७ बर्षीय डम्बरप्रसाद बास्तोलाको साथमा रहेको ९७ हजार छ सय चोरी गरेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको हो ।

पक्राउ पर्नेहरुमा जिल्ला काभ्रेपलाञ्चोक रोसी गाउँपालिका-३का ३६ बर्षीय जीतबहादुर ट्वाटी श्रेष्ठ, रोसी गाउँपालिका-५का २२ बर्षीय चिउनी भनिने युवराज लामा, भुङ्लो गाउँपालिका-८का ३२ बर्षीय सुजन तामाङ भन्ने सनबहादुर लामा तामाङ र तिमाल गाउँपालिका-२का २६ बर्षीय कमल लामा रहेका छन् ।

यो समूहले ईटहरीको ट्याङ्ग्रा खोला छेउमा बसबाट ओर्लन खोजेका बास्तोलाको साथमा रहेको नगद, जबरजस्ती

*(बाँकी अन्तिम पृष्ठमा)*

## वातावरण संरक्षण गर्न माग

**इलाम, साउन १३ ।** इलाममा निर्माणाधीन सुपरमाई हाइड्रो परियोजनाल प्रभावित क्षेत्रको वातावरण जोगाउन काम नगरेको भन्दै स्थानीयवासी आक्रोशित भएका छन् ।

खोलामा पानी नै नछोडी परियोजना सञ्चालन गर्ने गरेको र तोकिएभन्दा अन्य खोलाबाट समेत पानी ल्याएर आयोजनामा लगाएको स्थानीयवासीले आरोप लगाएका छन् ।

माईखोलाको पानीबाट निर्माण भइरहेको परियोजनाले प्रभावित क्षेत्रमा समस्या थपेको भन्दै स्थानीय सङ्गठित भएर आन्दोनमा उत्रिएका हुन् । माईखोलाको पानीबाट निर्माण हुनुपर्ने परियोजनाले अन्य साना खोला र खोल्साबाट समेत पानी मिसाएको स्थानीयवासीले जनाएका छन् । बर्खाको समयमा जे-जसो भए पनि हिउँदका दिनमा परियोजनासँग पानी माग्नुपर्ने स्थिति आएको स्थानीय कुशबहादुर थेवेले बताए ।

परियोजनाको मुख्य पानीको स्रोत माईखोला मात्र हुनुपर्ने स्थानीयवासीको भनाइ छ । तर, परियोजनाले स-साना खोला र खोल्साबाट पानी ल्याउन थालेपछि वस्तुभाउलाई खुवाउन र सिञ्चाइ गर्न पानी नभएको उनीहरुले बताए । माईखोला आसपासबाट बग्ने इङ्लाखोला र समाहखोलाको पानी प्रयोग गर्न नदिने उनीहरुको भनाइ छ ।

संघर्ष समितिले इङ्ला र समाहखोलाको पानी ल्याउनका लागि बनाइँदै गरेको संरचना तत्काल रोक्न आग्रह गरेको छ । प्रभावित क्षेत्रका बासिन्दाले पटक-पटक

*(बाँकी अन्तिम पृष्ठमा)*

## अन्तर्राष्ट्रिय उडान तालिका सार्वजनिक

**काठमाडौं, साउन १३ ।** विदेशमा अलपत्र नेपालीको उद्धारका लागि नेपालका दुई एयरलाइन्स नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सले उडान तालिका सार्वजनिक गरेका छन् । जुलाई ३१ तारिखदेखि हुने चौंथो चरणको उद्धार उडानका लागि नेपाली एयरलाइन्सले आगामी अगष्ठ ८ तारिखसम्मको उडान तालिका बनाएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बनाएको उद्धार उडान तालिका अनुसार नेपाल एयरलाइन्सले अगष्ट ८ तारिखसम्म जम्मा १८ उडान गर्नेछ । युएइको दुबई, कतारको दोहा, साउदी अरेबियाको दमाम र जेदाह, मलेसियाको क्वालालम्पुर र जापानको नारिता चार्टर्ड उडान हुने निगमले जनाएको छ । हिमालयले पनि जुलाई ३० देखि अगष्ट ७ तारिखसम्म कूल १८ उडान गर्ने जनाएको छ । चीनको कुनमिङ, दोहा, अबुधाबी, क्वालालम्पुर र दमामामा चार्टर्ड उडान गर्ने जनाएको छ ।

**कुन एयरलाइन्सका कति उडान**

नेपाल एयरलाइन्सले जुलाई ३१ तारिखमा जापान र कुवेत उडान गर्नेछ । अगष्ट १मा क्वालालम्पुर र कतार, अगष्ट २मा जेदाह र दुबई, अगष्ट ३मा अष्ट्रेलिया र कतार, अगष्ट ४मा दुबई र कतार, अगष्ट ५मा रियाद र दमाम, अगष्ट ६

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रेस विज्ञप्ति

झापा जिल्ला कचनकवल गा.पा. अन्तर्गत रहेका संस्थागत बिद्यालयहरुको संगठन कचनकवल प्राईभेट स्कुल एशोसिएशन नेपाल (KPSAN)को मिति २०७७/०४/१३ गते विभिन्न दैनिकमा प्रकाशित समचारप्रति गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल सरकार शिक्षा, बिज्ञान तथा खेलकुद मन्त्रालयद्वारा प्रस्तुत वैकल्पिक सिकाई सहजीकरणको कार्यबिधि पूरा गरी समुदायमा र विद्यायलमा सिकाई केन्द्रको रुपमा सञ्चालित कक्षाहरुलाई बिद्यालय नै सञ्चालन भएको भन्ने समाचारप्रति KPSAN घोर खण्डन गर्दछ । साथै कचनकवल शिक्षा शाखाको स्थानान्तरण अनुमति बिना नै अनाधिकृत रुपमा सञ्चालित बिद्यालय र उक्त बिद्यालयका सिकाइ केन्द्र तथा गैरशैक्षिक गतिबिधिहरुप्रति गा.पा. शिक्षा शाखा मौन रहेकोमा कचनकवल प्राईभेट स्कुल एशोसिएशन नेपाल (KPSAN) खेद प्रकट गर्दै संस्थागत बिद्यालयहरुले सदैव नेपाल सरकार शिक्षा तथा विज्ञान मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारका नीति निर्देशनहरु पूर्ण रुपमा पालना गरिएको अवस्थामा हामीप्रति भएको विभेदपूर्ण समाचारलाई खण्डन गरी यो प्रेस विज्ञप्ति जारी गर्दछु ।

**मित्रलाल सापकोटाः अध्यक्ष**

**कचनकवल प्राईभेट स्कुल एशोसिएशन नेपाल (KPSAN)**

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.** १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# हाट बजारमा कोरोना परीक्षण



दिलकुमार लिम्बू

**ताप्लेजुङ, साउन १२।** अब ताप्लेजुङमा प्रत्येक हप्ताको मंगलवार र शनिवार लाग्दै आएको हाटमा समेत नमूनागत रुपमा आरडीटी परीक्षण गरिने भएको छ

मंगलवारदेखि कोरोना परीक्षण कार्य शुरु गरिएको कोरोना नियन्त्रण तथा व्यवस्थापन समितिले जनाएको छ। समितिको बैठकले सेवाग्राही तथा उपभोक्ताको भीडभाड हुने क्षेत्रहरुमा नमूनाको रुपमा आरडीटी परीक्षण अघि बढाउने निधो गरेको थियो। 'यसको शुरुवात मंगलवारबाटै गर्दैछौं'- कोरोना नियन्त्रण तथा व्यवस्थापन समितिका सदस्य सचिव एवम् प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले भने।

गाउँ-गाउँमा परीक्षणको दायरा बढाउन मंगलवार नै यहाँका सबै स्थानीय तहका स्वास्थ्य संयोजकहरुलाई जिम्मेवारी दिने तयारी भएको समेत उनले बताए। निरौलाका अनुसार प्रत्येक स्थानीय तहका स्वास्थ्य संयोजकलाई पहिलो चरणमा ५० थानका दरले आरडीटी बितरण गरिनेछ। स्वास्थ्य संयोजकले स्थानीय पालिका र पालिका अन्तर्गतका स्वास्थ्य संस्थामा अगुवाहरुको परामर्शमा सम्भावित स्वास्थ्य जोखिम क्षेत्रमा रहेका नागरिकहरुको आरडीटी परीक्षण गर्ने प्रवन्ध मिलाउने छन्।

यसको जिम्मेवारी निमित्त स्वास्थ्य प्रमुख राजकुमार पोखरेललाई दिइएको प्रजिअ निरौलाले जानकारी दिए। यस्तै सेवाग्राहीको भीडभाड बढी हुने निकाय वा क्षेत्र छनौट गरी आरडीटी परीक्षणलाई बृहत् र द्रूत गरिने निरौलाले कार्ययोजना सुनाए। अहिले ताप्लेजुङमा करिव एक हजार दुई सय थान आरडीटी किट रहेको छ। आरडीटी परीक्षणमा एन्टीबडी पोजेटिभको संकेत देखिए कोरोना संक्रमण हो या होइन भनेर पत्ता लगाउन भने पीसीआर गर्ने तयारी रहेको निरौलाले बताए।

# अदुवाले भाउ पायो

**इलाम, साउन १३।** वर्षेनि घटबढ भइरहने अदुवाको भाउ यस वर्ष गत वर्षकै तुलनामा आएपछि किसान हर्षित भएका छन्। एउटै अनुपातमा भाउ आएपछि किसान आशावादी भएका हुन्।

धेरै किसानले अदुवाबाट अपेक्षाकृत आम्दानी लिन सकेका थिएनन्। तर गत वर्ष र यस वर्ष भने उस्तै मूल्य आएपछि किसान अदुवा बेच्न इच्छुक रहेका छन्। वर्षेनि मूल्यमा उतारचढाव भइरहन्छ। गत वर्षदेखि एकै किसिमको भाऊ आउँदा यस वर्ष अदुवाबाट सोचेजस्तै आम्दानी लिने इलाम बरबोटेका किसान चन्द्र घिमिरे जानकारी दिए।

सबै त खनिसकेको छैन, तर बीउ अदुवा हो यति नै त भन्न सकिन्न- उनले भने- तर जति फले पनि अदुवाको मूल्य राम्रै पाउने अपेक्षा छ। उनले यस वर्ष मात्रै झण्डै २० मन (एक मनमा ४० किलो) रोपेका छन्। भाउ आए पनि अहिले किसानले बजारमा अदुवा ल्याउन भने सकेका छैनन्। ग्रामीण भेगका सडक भत्किएका र हिलाम्मे बन्दा सवारी सञ्चालन नभएपछि किसानले अदुवा बजारसम्म ल्याउन नसकेको इलाम बिब्ल्याँट्टिका व्यवसायी कृष्ण पौडेलले बताए। सडक अवरोधका कारण अदुवा बजार ल्याउन नसक्दा लामो समयसम्म पनि भाउ उही दरमा रहेको उनले जानकारी दिए।

गत वर्षसम्म यस मौसममा ठूलो परिमाणमा अदुवा आइसक्थ्यो तर यसपटक आउन सकेकै छैन- उनले भने- धेरै किसानले अस्ती बिक्री नभएपछि रोप्नुभयो। अनि नयाँ अदुवा अभाव हुँदा अहिले बीऊ अदुवाको भाउ राम्रो आयो। उनका अनुसार अहिले पनि किसानको भकारीमा ठूलै परिमाणमा अदुवा भए पनि बजार निकाल्न सकस परेको छ। अदुवा बजार निकाल्न नसक्दा किसानको भकारीमै कुहिने डर भएको पौडेलको भनाइ छ।



**किन घटबढ भएन त भाउ ?**

भारतीय बजारमा अदुवा नआएको र बन्दाबन्दीमा किसानले अदुवाखेती गरेकाले भाउ नबढेको व्यवसायीको अनुमान छ। सब्जीमा दैनिक खपत हुने भएकाले अत्यावश्यक वस्तुमा पर्नाले पनि अदुवाको भाउ नघटेको व्यवसायी पौडेलको भनाइ छ।

सानो अदुवाको भाउ उचित आए पनि ठूलो (विकासे) अदुवाको भने उचित भाउ नआएको किसानको गुनासो छ। सानो अदुवाजस्तो फाइदाकारी नहुने, अदुवा कम बिक्नाका कारण भाउ नआएको र कम दाममै अदुवा बेच्न बाध्य भएको अदुवा किसान सरोज पोखरेलको भनाइ छ।

आफ्नो बारीमा विकासे अदुवा फस्टाएर फल्नाले विकासे अदुवा रोपे पनि अहिले भाउ नआउँदा मनको रु एक हजार ८०० मै बिक्री गर्न बाध्य भएको उनको भनाइ छ। करिब २० मन अदुवाखेती गरेका उनले राम्रै आम्दानी भए पनि अपेक्षाकृत भाउ नपाएको दुःखेसो गरे। व्यवसायीले विकासे अदुवा सानो अदुवाको तुलनामा बढी फल्नाले श्रम अनुसार भाउ औषत रहेको बताएका छन्। कम लागतमै ठूलो परिमाणमा उत्पादन हुने भएकाले विकासे अदुवाको भाउ सन्तोषजनक रहेको व्यवसायीको भनाइ छ।

नेपालमा उत्पादन हुने अदुवा विदेश निर्यात हुने गर्छ। विदेश निर्यात हुने क्रममा वर्षेनि भारतीय सीमामा विभिन्न बहानामा अवरोध हुनाले अदुवा निर्यातमा समेत समस्या पर्ने गरेको छ। यस वर्ष पनि समस्या दोहोरिन पुग्यो। लामो समय बन्दाबन्दीका कारण निकासी ठप्प भएको अदुवा केही महिनाअघि पनि भारतीय अवरोध खेप्नुपऱ्यो। बन्दाबन्दी खुले पनि भन्सारबाट कृषिजन्य वस्तु निर्यात हुन नसक्दा व्यवसायीले अनेक दुःख खेप्नुपऱ्यो। बन्दाबन्दी खुलेपछि कृषिजन्य वस्तु बोकेर झापाको मेची भन्सार पुगेका ट्रक भारत प्रवेश गर्न नसकेपछि मेची नदीको पुलमा लामो समय रोकिएका थिए।

नेपाल-भारतको छलफलपछि अवरोध खुलेपछि कृषिजन्य पदार्थ पुनः भारत प्रवेश गरेका थिए। निकासी किन रोकिएको थियो भन्ने आधार भने फेला पार्न सकिएन। बिना आधारै नाकामा सामग्री रोकिँदा पटक-पटक व्यवसायीले करोडौं घाटासमेत व्यहोर्नुपरेको छ। नेपालतर्फबाट जाने कच्चा पदार्थ नाकामा रोकिँदा बिग्रिने हुँदा राम्रो बजार नपाउने गरेको व्यवसायीको भनाइ छ। इलामसहित पाँचथर, ताप्लेजुङ तेह्रथुमलगायत पूर्वी पहाडका जिल्लामा व्यावसायिक रूपमा अदुवाखेती गरिँदै आएको बताइएको छ।

## डुबेर मृत्यु

**सुनसरी, साउन १३।** सुनसरीको बराहनगरपालिका-४ का ५० बर्षीय सीताराम चौधरीको माछा मार्ने क्रममा डुबेर मृत्यु भएको छ।

रामधुनी नगरपालिका-६मा रहेको शंकर बेली तालमा जाल हानी माछा मार्ने क्रममा अचानक सोही तालमा डुबेर चौधरीको मृत्यु भएको हो। इलाका प्रहरी कार्यालय पकलीबाट गएको प्रहरीको टोलीले कानूनी प्रक्रिया पूरा गरेको र घटनाबारे अनुसन्धान भइरहेको जनाइएको छ।

## बैंकिङ कसुरका फरार प्रतिवादी अदालतमा

**काठमाडौँ, साउन १३।** बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनले दोषी ठहर गरी फरार हुँदै आएका एक व्यक्तिलाई प्रहरीले अदालतमा पेश गरेको छ।

मुद्दामा दोषी ठहर भएर पनि कैद भुक्तानी बेरुजु रही फरार हुँदै आएका नुवाकोट थानापति घर भई हाल ललितपुर महानगरपालिका-१४ बस्ने ४३ वर्षीय पारस लोहनीलाई प्रहरीले सोमबार पक्राउ गरी मंगलवार ललितपुर जिल्ला अदालतमा पेश गरेको हो।

काठमाडौँको मातातीर्थमा लुकीछिपी बसिरहेको भन्ने सूचनाका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोको टोलीले उनलाई पक्राउ गरेको ब्यूरोले एक सूचना जारी गरी जनाएको छ। उनलाई आवश्यक प्रक्रिया पूरा गरी अदालतमा उपस्थित गराइएको ब्यूरोले जनाएको छ।

उनीविरुद्धको मुद्दामा अदालतको गत माघ २९ को फैसलाले २५ दिन कैद र रु. २४ लाख जरिवाना हुने ठहर गरेको थियो। लोहनीले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानीजानी जाहेरवाला आकाश लामिछाने समेतका अन्य दुई जनालाई झुक्यानमा पारी बैंकहरुको चेक काटी दिएकामा बैंकिङ कसुरजन्य अपराध गरेको ठहर भएको थियो।

## असहाय बालबालिकालाई छात्रवृत्ति

**लक्ष्मीपुर, साउन १३।** सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लक्ष्मीपुर सेवा केन्द्रले असहाय बालबालिकालाई छात्रवृत्ति दिएको छ।

संस्थाले शुरु गरेको शिक्षा सचेतना कार्यक्रम अन्तर्गत मंगलवार १२ जना विपन्न एकल महिला तथा पुरुषका छोराछोरीलाई छात्रबृत्ति प्रदान गरेको हो।

उनीहरु कपी, कलम, कलर पेन्सिल र टिसर्ट दिइएको थियो। संस्थाका लक्ष्मीपुर सेवा केन्द्र सहयोग समिति संयोजक केदार शम्सेर गिरीको अध्यक्षतामा भएको कार्यक्रममा औचित्य माथि सेवा केन्द्र प्रमुख उमेश भारतीले प्रकाश पारेका थिए। सहयोग समिति सदस्य टोमकुमारी ओझाको उपस्थिति रहेको कार्यक्रममा वरिष्ठ प्रवन्धक इलाका सुरुङ्गाका रामनारायण प्रधानले शुभकामना दिएका थिए।

कार्यक्रमको सञ्चालन सेवा केन्द्रका कर्मचारी खगेन्द्र निरौलाले गरेका थिए।

## झापा ...

गुम्न लागेको छ।'

'सँगैका साथी हवाइजहाजमाथि म भैंसी गोठालो' भए झैं भएको छ मलाई - श्रेष्ठले भने- 'सँगैको साथी प्रधानमन्त्री त छन् नि तर हामी आन्दोलनमा लागेका सयौं मानिस घरबारविहीन छौं। न हामीलाई हेर्ने घरपरिवार छ, न त पार्टीले नै हेऱ्यो।'

'छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेडी' भन्ने उखान झैं भएको छ अहिले श्रेष्ठलाई। आफ्ना सन्तान नभए पनि श्रीमतीसँगै ल्याएको छोरा र छोरीलाई हुर्काइबढाई योग्य नागरिक बनाएपछि उनी भने अहिले बेसाहारा छन्। सन्तानले नहेरेकै कारण आफू आश्रममा बस्नुपरेको उनको दुःखेसो छ। क्रान्तिमा हिँड्दा यस्तो हविगत होला भन्ने सोचेको पनि थिइनँ, तर भइदियो यस्तै।

तत्कालीन शनिश्चरेका धर्मप्रसाद ढकालको हत्याको स्मरण गर्दै उनले भने- 'क्रान्तिमा लागेकै अभियोगमा धेरै निर्दोष मानिसले त्यसबेला ज्यान गुमाएका छन् भने धेरै घरबारविहीन बनेका छन्। सत्ता परिवर्तन भयो तर सोझा-साझा र निमुखाका लागि अहिलेसम्म पनि परिवर्तनको कुनै आभास हुन सकेको छैन।' सँगैको साथी प्रधानमन्त्री हुँदा श्रेष्ठ खुशी भने नभएका होइनन्। उनी आन्दोलनको सहयोद्धा प्रधानमन्त्री भएपछि झापा आएका बखत भेट्न पनि गए, तर सुरक्षा गार्डले उनलाई रोकेपछि काका उपनामले चिनाएपछि उनलाई प्रधानमन्त्रीलाई भेट गराइयो। भेटमा प्रधानमन्त्री ओलीलाई सबिस्तार आफ्ना बारेमा भने पनि सरकारले अहिलेसम्म आन्दोलनका घाइते, शहीद परिवारलाई केही नगरेको उनको दुःखेसो छ।

आन्दोलनबाट राज्य व्यवस्था परिवर्तनसँगै मुलुक नयाँ मोडमा पुगे पनि आफ्नो जीवनस्तर झन्-झन् बिग्रदै गएपछि आफूले राजनीतिलाई त्यागेको उनी बताउँछन्। पेट पाल्नै पऱ्यो, सेक्युरिटी गार्डसम्म गरेर दिन बिताएँ। उनले भने- 'बल छँदा काठ मिस्त्रीको काम गरेँ। जिउ गलेसँगै अहिले भने आश्रममा छु।' उनी अहिले बिर्तामोड नगरपालिकाको परोपकार तथा अनुसन्धान सेवा केन्द्रले सञ्चालनमा ल्याएको बृद्धाश्रममा छन्। १९८९ सालमा भुटानको जिम्बोमा जन्मिएका उनी २०२१ सालमा नेपाल प्रवेश गरेका थिए। ०२२ सालबाट कम्युनिष्ट आन्दोलनमा होमिएका श्रेष्ठ प्रधानमन्त्री केपी ओलीले राष्ट्रियताको विषयमा उठाएको मुद्दाको पक्षमा भने खुशी छन्।

'ओलीले हाम्रो आन्दोलनको इज्जत थामेका छन्'- उनले भने- 'हामी जस्तालाई नहेरे पनि राष्ट्र र राष्ट्रियताको पक्षमा ओलीले गरेको राष्ट्रियताको काम सबैले प्रशंसा गर्न योग्य छ।'

## वातावरण ...

सञ्चालकसँग आफ्ना गुनासा राख्दा पनि कुनै सुनुवाइ नभएपछि संघर्ष समिति निर्माण गरेर आन्दोलनमा उत्रिनुपरेको संघर्ष समितिका संयोजक गोपाल थेवेको भनाइ छ।

परियोजना सञ्चालन भएपछि मेगावाट अनुसार स्थानीयस्तरमा सामाजिक उत्तरदायित्वको रकम व्यहोर्नुपर्ने प्रावधान हुन्छ। तर, सो रकमको पारदर्शितासमेत नरहेको उनको भनाइ छ। काम रोक्ने उनीहरुले चेतावनी दिएका छन्। आफ्ना माग सम्बोधन नगरे कानूनी प्रक्रियामा जान आफूहरु तयार रहेको उनीहरुको भनाइ छ। सहायक खोलाको पानी मिसाउँदा सो क्षेत्रमा सुक्खा लाग्ने र खोलामा कमिला कुद्ने भएकाले पनि सो स्थिति आउन नदिन जनप्रदर्शनदेखि कानूनी उपचारसम्मको बाटो रोज्नुपर्ने दिन आएको संघर्ष समितिका सचिव मानबहादुर गुरुङले बताए।

समिति सदस्य हकुमलाल थेवेले मनोवैज्ञानिक त्राससमेत देखाउने गरेकाले पनि आफूहरु आफ्ना मुद्दामा दृढताका साथ लागेको बताए। उनले हप्काउने र तर्साउने कार्य बन्द गर्नसमेत चेतावनी दिए।

सहायक खोलाको पानी परियोजनामा मिसाउँदा वातावरणीय प्रभाव पर्ने र सिञ्चाइका लागि असुविधा हुने भएकाले अन्य खोलाको पानी परियोजनामा मिसाउन नहुने उनीहरुको भनाइ छ। पटक-पटक परियोजना सञ्चालकसँग आग्रह गरे पनि परियोजनाले कुनै सुनुवाइ नगरेको उनीहरुको भनाइ छ। परियोजनासमक्ष वातावरणीय प्रभाव मूल्याङ्कन लगायतको प्रतिवेदन माग गर्दा आलटाल गर्ने गरेको प्रभावित क्षेत्रका बासिन्दाको भनाइ छ। परियोजनाले स्थानीयवासीको सरोकारलाई बेवास्ता गर्ने र अवैधरूपमा अन्य खोलाको पानी मिसाउन खोजेपछि आन्दोलन आवश्यक परेको संघर्ष समितिको ठहर छ।

सन्दकपुर, माईजोगमाई गाउँपालिका र इलाम नगरपालिकाका प्रभावित क्षेत्रका बासिन्दाले संघर्ष समिति गठन गरेका हुन्। इलाम बजारमा पत्रकार सम्मेलन गर्दै समितिले स्थानीयासीले उठाएका माग उल्लंघन गरे प्रतिकारमा उत्रिने चेतावनी दिएका छन्। उनीहरुले परियोजनाले प्राकृतिक, धार्मिक सांस्कृतिक र जैविक असर गर्ने जनाएका छन्।

## अन्तर्राष्ट्रिय ...

मा रियाद र दुबई, अगष्ट ७ मा रियाद र दमाम र अगष्ट ८ तारिखमा जेदाह र दुबईमा चार्टर्ड उडान गर्ने जनाएको छ।

हिमालयले जुलाई ३० र अगष्ट १ तारिखमा कुवेतमा दुई उडान गर्नेछ। चीनको कुनमिङमा जुलाई ३१ मा एक मात्र उडान हुनेछ। जुलाई ३१ र अगष्ट ३ तारिखमा दोहामा उडान गर्ने हिमालयले जुलाई ३१, अगष्ट १,२, ३ र ४ तारिखसम्म अबुधाबी गन्तव्यमा चार्टड उडान गर्नेछ। त्यस्तै अगष्ट २, ३, ६ र ७ तारिखका दिन क्वालालम्पुर र अगष्ट ४, ५, ६ र ७ तारिखमा दमाम उडान गरिने हिमालयले विज्ञप्तिमार्फत जनाएको छ।

नेपालीको उद्धारका लागि विदेशी एयरलाइन्सले पनि जुलाई ३१ देखि ८ अगष्टसम्म चार्टर्ड उडान गर्नेछन्। जजीरा एयरले कुवेत, इत्तिहाद एयरले अबुधावी, एयर अरेबियाले सारजाह, फ्लाई दुबईले दुबई, कतार एयरवेजले दोहाबाट उद्धार उडान गरी नेपाली फर्काउनेछन्। सोही अवधिमा मालिन्दो एयरले क्वालालम्पुरबाट निरन्तर चार्टर्ड गर्ने जनाइएको छ।


यसअघि नेपाल एयरलाइन्सले जुन ११ देखि उद्धार उडान गरेको थियो। दोस्रोपटक जुलाई १२ र तेस्रो पटक जुलाई २१ सम्म उडान गरेको थियो। हिमालयले जुन १६ देखि जुलाई १२ र जुलाई २१ सम्म उद्धारका लागि चार्टर्ड उडान भरेको थियो।


## चोरीमा ...

लुटपाट गरी फरार भएको भनी घटनाको जानकारी पाए लगत्तै तत्काल खटिएको इलाका प्रहरी कार्यालय इटहरीको प्रहरी टोलीले फरार भएकामध्ये कमल लामालाई तत्काल पक्राउ गरेको थियो। अन्य तीन जनालाई खोजतलास गर्ने क्रममा सोमवार दिउँसो तरहराबाट पक्राउ गरिएको हो। पक्राउ परेका उनीहरुका साथबाट नगद १२ हजार ९ सय बरामद भएको छ।

पक्राउ परेको यो समूह चोरी गर्नकै लागि काठमाडौबाट साउन ८ गते पूर्व आएको र धरानको एक होटलमा बस्दै आएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ। निजहरुको सम्बन्धमा थप अनुसन्धान भइरहेको तथा सोही घटनामा अन्य दुई जनाको संग्लग्नता रहेको खुल्न आएकोले उनीहरुको समेत खोजतलास भइरहेको उक्त कार्यालयले जनाएको छ।


क्रेन भाडामा चाहिए





अब बिर्तामोडमै २५ टन क्षमताको जापनीज क्रेन भाडामा उपलब्ध छ। चाहिएमा तत्काल सम्पर्क गर्नुहोला। साथै ग्रेडर, रोलर, ट्यांकर लगायतका निर्माण उपकरण भाडामा चाहिए सम्पर्क गर्नुहोला। गिट्टी, बालुवा लगायतका निर्माण सामग्री समेत उचित मूल्यमा उपलब्ध छ।

सम्पर्कः ०२३-४२१०५३/ ९८४२६२३६८६/ ९८५२६७२१०२

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क

राजुकुमार श्रेष्ठ

९८५२६४६००५

९८०६०१०४१०

९८४२६३४६२७

०२३-५४६००५



दमक सम्पर्कः

देवी सिटौला

९८२४९७९१८५

९८४२७६०२६५

९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**

NMC-COOP

**कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा**

**प्रस्ताव पत्र पेश गर्ने सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०७७।४।१३**

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) द्वारा सञ्चालित विभिन्न व्यवसायका लागि आवश्यक सुरक्षा सहयोगी प्रदायक कम्पनी तथा विभिन्न शीषर्कमा बिमा गर्नुपर्ने भएकोले सम्बन्धित सेवा प्रदायक कम्पनीहरुबाट तपसिलका बुँदाका आधारमा रही प्रस्ताव पत्र आह्वान गरिन्छ।

**प्रस्ताव पत्र पेश गर्ने विषयहरु :**

१) सुरक्षा सहयोगी प्रदायक कम्पनी
- संस्था अन्तर्गतका व्यवसायहरु (बैङ्किङ, डेरी, सहकारी पसल, कृषि फर्म र चिया उद्योग) का लागि

२) बिमा प्रदायक कम्पनी

**विमा गरिने क्षेत्रहरुः**

१) संस्थाका सवारी साधन बिमा
२) संस्था अन्तर्गतका भवन बिमा
३) संस्थामा कार्यरत कर्मचारीहरुको दुर्घटना बिमा
४) संस्थामा कार्यरतकर्मचारी स्वास्थ्य बिमा
५) पशुपन्छी बिमा
६) सहकारी पसल बिमा

- कोटेशन पेश गर्ने अन्तिम मिति २०७७साउन२० गते मंगलबार तोकिएको छ।
- कोटेशन संस्थाको काँकरभिट्टास्थित कर्पोरेट कार्यालयमा बुझाउन वा संस्थाको आधिकारिक इमेल ठेगाना corporatenmc@gmail.comमा पठाउन सकिनेछ।
- कोटेसन स्वीकृत गर्ने अन्तिम अधिकार संस्थामा निहित रहने छ।

**थप जानकारीका लागि : मो.९८५२६८९४१५ (प्रशासन विभाग)**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

# कोरोनाविरुद्ध एक्लै लडौं

**भारतसँग सीमाना जोडिएका शहरहरुमा कोरोना संक्रमणको संख्या दिनहुँ बढ्न थालेको छ। नेपालका बिराटनगर, वीरगञ्ज, नेपालगञ्ज लगायतका शहरी क्षेत्रमा कोरोना संक्रमितहरुको संख्या बढ्न थालेपछि सामान्य हुन थालेको त्यहाँको जनजीवन फेरि भयभित भएको छ। पछिल्लो चौबीस घण्टामा तीन जनाको मृत्यु भएको थियो त्यसमध्ये एकजना भारतीय नागरिक हुन्। यतिबेला कोरोना परीक्षणको दर कम गर्दै लगिएको छ, तर लक्षणसहितका संक्रमित पनि देखिन थालेका छन् ।**

**कोरोना भाइरसको आतंक शुरु भएको आधा वर्ष पूरा भइसकेको छ । यसबीचमा धेरै देशहरुले औषधिको खोज अनुसन्धान पनि गरेका छन् । तर, ती सबै परीक्षणका क्रममा रहेकाले यो महामारीले व्यापकता लिइरहेको छ । ठूला र समृद्ध भनिएका मुलुकहरू नै कोरोना महामारीबाट पूर्णरुपले आक्रान्त छन् । जसका कारण विश्वको अर्थ व्यवस्था नै प्रभावित भएको छ । यस्तोमा विकासशील देशहरूको अर्थतन्त्र धराशायी हुनु स्वाभाविक नै हो । भ्रमणको इतिहास भएकाहरुमा मात्रै देखिएको  कोरोना भाइरसको संक्रमण पछिल्लो समय समुदायमै देखिन थालेपछि सिंगो समुदाय त्रस्त भएको छ । सरकारले महामारी नियन्त्रणका लागि गरेको लकडाउन खोलेपछि जनजीवन सामान्य अवस्थामा फर्किन थालेकोले संक्रमण व्यापक हुने जोखिम पनि उच्च देखिएको छ ।**

**झापा भारतसँग सोझै सीमाना जोडिएको जिल्ला हो । खुला सीमानाका कारण अन्तर्राष्ट्रिय नाका बन्द भए पनि मानिसहरूको आवागमन रोकिएको छैन । कोरोना पीडाकै बीच सरकारले सीमा सुरक्षा कोष स्थापना गरेपनि लुकिछिपी आउने जाने क्रम नरोकिँदा सीमान्त क्षेत्र संक्रमणको उच्च जोखिममा छन् । यसैबीच मेचीनगर नगरपालिका क्षेत्रमा सुरक्षाका लागि खटिएका प्रहरीमा कोरोना पुष्टि भएपछि त्यहाँ मास टेस्टिङ गर्न थालिएको छ। त्यस्तै बाह्रदशी गाउँपालिकाका एकजना औषधि व्यवसायी र अर्को एक स्थानीय नेतामा पनि कोरोना पुष्टि भएको छ । यसले संक्रमण समुदायमा प्रवेश गरिसकेको देखाएको छ भने त्रास पनि बढाएको छ ।**

**देशभर संक्रमितको संख्या साढे अठार हजारभन्दा माथि पुगेको छ। ती मध्ये पौने चौध हजार संक्रमणमुक्त भएका छन् । यसले संक्रमित भएर पनि कोरोना जित्न सकिन्छ भन्ने सन्देश दिएको त छ, तर जुन परिवारले यसकै कारण सदस्य गुमाउनु परेको छ उनीहरूको पीडालाई निको हुने दर उच्च छ भन्दा सान्त्वना  मिल्दैन। यसले पनि राज्यले परीक्षणको दर घटाएर संक्रमण कम भएको देखाउन खोजिरहेका बेला स्वास्थ्य सावधानी नअपनाउनु आफ्नै लागि घातक हुन सक्छ । तसर्थ, विश्वलाई डेढ करोडभन्दा बढीको ज्यान लिएर महामारीको चंगुलमा फसाउने कोरोनाविरुद्धको लडाइँ एक्लै लड्न तयार हुनुपर्छ । यो भनेको सुरक्षा सतर्कता हो र स्वास्थ्य रक्षाका लागि निर्दिष्ट मापदण्डहरूको अनुशरण र पालना हो ।**

### सामाजिक सञ्जाल



कुनै पनि देशको महानता वा तुच्छता, न्याय वा अन्याय, विवेक वा विवेकहिनता मापन गर्ने अन्तिम बिन्दु : त्यो देशको सर्वोच्च अदालत हुन्छ । तर, सर्वोच्च अदालतको आफ्नो कुनै निजी उज्यालो हुँदैन । न्यायाधीशको औकातको उज्यालो ठोक्किएर मात्र सर्वोच्च अदालतको भवन उज्यालो वा कालो देखिन्छ ।

**– विजयकुमार पाण्डे**



अनुसन्धान र मुद्दाको प्रकृति अनुसार अख्तियार र सर्वोच्च र विशेष अदालत सरकारको बदमासीमा कानूनले कस्ने होइन सरकारको काखमा बस्ने अनि सरकारी इसारा अनुसार डस्ने निकाय बनिसके । फाइल बनाउने, तर्साउने र कमाउने कार्यनीति देखियो । तीनका हैसियत शाखा अधिकृत भैं स्वतन्त्र टिप्पणी उठाउने पनि छैन ।

**– केपी ढुंगाना**

मचान जलायो घर जलायो भन्दिन्छन्, पित्तल समायो सुन समायो भन्दिन्छन्, रक्सी छ्यापेको तेज़ाब छ्याप्यो भन्दिन्छन्, चित्तमा लागेर यसो धकेलेको हत्या गर्यो भन्दिन्छन्, कोरोना निर्मूल पार्ने अभियानमा करोडौं खर्च गर्यो भ्रष्टाचार भयो भन्दिन्छन् ! समृद्धीका बाधकहरु ।

**– ज्योति थापा**

# स्थानीय सरकारको दायित्व



**डा. सुरेश आचार्य**

कोभिड-१९ को प्रकोपका कारण विश्वभरका मुलुकहरू लामो समय बन्दाबन्दीको अवस्थामा रहे । नेपाल यसको अपवाद बन्ने सम्भावना थिएन । भारतसँगको खुला नाका, भारतमा लकडाउनसँगै रोकिएका नेपाली र काम गुमाएर घर फर्कने चाहनाका बीच नेपालले भारतमा फैलिएको कोरोनाको सामना गर्नुपऱ्यो । खासगरी सुदूरपश्चिम र प्रदेश २ मा फैलिएको कोरोनाको संक्रमणको मूल कारण भारतबाट आएका मानिस हुन् । त्यसो त कोरोना भारतबाट पहिलोपटक भित्रिएको होइन । चीनमा देखापरेको यो संक्रमणले नेपाललाई शुरु मै अत्याएको थियो । कोरोनाको प्रारम्भ बिन्दु वुहानमा रहेका नेपाली आत्तिएर नेपाल फर्कन चाहन्थे । सरकारले उनीहरूलाई फिर्ता पनि ल्यायो । सौभाग्यवश उनीहरूमा यसको संक्रमण फेला परेन । फ्रान्सबाट कतार हुँदै फर्किएकी युवतीबाट शुरु भएको यो संक्रमणले १८ हजारभन्दा बढी नेपालीलाई सताएको छ ।

नेपालमा एक सय २० दिनको बन्द अवस्थापछि जनजीवन सामान्य बनाउन बन्दाबन्दी खुला गरिएको छ । सरकारले तेस्रो महिनामा नै बन्दाबन्दीलाई केही खुकुलो बनाएर नागरिकलाई जीविकोपार्जनमा फर्कन प्रेरित गरेको थियो । अहिले पनि सुरक्षाका उपाय अपनाएर मात्र पेसा व्यवसाय चलाउन सरकारले भनेको छ । लामा दूरीका सार्वजनिक यातायात र हवाई यातायात अहिले शरु भएका छैनन् । भदौ १ गतेदेखि सम्पूर्णरूपमा पुरानै अवस्थामा फर्कने मनस्थितिमा सरकार देखिएको छ । विश्वका कतिपय मुलुकले विस्तारै सामान्य अवस्थामा फर्कने तयारी गरेका छन् र नेपालले गरेको निर्णय मात्रै अपवाद होइन ।


कोरोना संक्रमणको प्रारम्भिक अवस्थामा सम्पूर्ण जनमानस अत्तालिएको थियो । एकजनामा संक्रमण देखिनु ठूलै अत्यासको विषय थियो । कोरोनासँग सम्बन्धित कुनै तयारी थिएन । अस्पताल र चिकित्सक आफैँ असमञ्जसमा थिए । प्रदेश र स्थानीय तहमा संक्रमणविरुद्धको तयारी नहुनु स्वभाविक थियो । विश्वले पहिलोपटक भोगेको यस्तो महामारीमा नेपालको मात्र होइन, विश्वका कुनै मुलुकमा पनि तयारी थिएन । यस्तो अवस्थामा सरकारले देशभर एकसाथ बन्दाबन्दीको घोषणा गर्नु बाहेक अर्को विकल्प थिएन । सरकारले बन्दाबन्दी छिटो घोषणा गरोस् भन्ने आम मनोविज्ञान बनेको थियो ।

सरकारले बन्दाबन्दी फिर्ता गर्दैगर्दा र त्यसपछिका दिनमा पनि कोरोना संक्रमित हुनेको संख्या दैनिक डेढ सयको हाराहारीमा छ । तर, त्योभन्दा बढी संक्रमित नागरिक निको भएर घर फर्किदैछन् । सरकारले सार्वजनिक यातायात र सरकारी अड्डाहरू पूरै खोल्दै गर्दा सजगता नपुगेको गुनासो आइरहेको छ । सरकारको निर्णयको लगत्तै प्रदेश नं. २ का दुईवटा नगरमा लकडाउन र निषेधाज्ञा शुरु गरिएको छ । कोरोना संक्रमण समुदायस्तरमा फैलिएको निष्कर्ष निकाल्दै वीरगञ्ज महानगरपालिका क्षेत्रभरि साउन १० गतेदेखि अनिश्चितकालीन निषेधाज्ञा जारी गरिएको छ । राजविराज नगरपालिकामा पनि बन्दाबन्दीको पूर्ण पालना गर्न सरकारले आह्वान गरेको छ ।

निषेधाज्ञा जारी भएसँगै वीरगञ्ज महानगरपालिका क्षेत्रमा अत्यावश्यक स्वास्थ्य उपचार बाहेक अन्य काममा घर बाहिर निस्कन प्रतिबन्ध लागेको छ । महानगर क्षेत्रभित्रका सम्पूर्ण पसल र उद्योग व्यवसाय बन्द गरिएका छन् । साथै नेपालका अन्य जिल्लाबाट र विशेषगरी भारतबाट वीरगञ्ज आउन पूर्ण प्रतिबन्ध लगाइएको छ । छिमेकी मुलुक भारतमा संक्रमितको संख्या दिनानुदिन तीव्रगतिमा बढ्दै गएको सन्दर्भमा यस्तो निर्णय गर्नु स्वभाविक हो ।

महानगरपालिकामा निषेधाज्ञा प्रशासनले आफूखुशी लगाएको होइन । वीरगञ्ज क्षेत्रमा कोरोना संक्रमितको संख्या बढ्दै गएर समुदाय स्तरमा फैलिएको चिकित्सकहरूको भनाइसँगै स्थानीय प्रशासनलाई निषेधाज्ञा जारी गर्न दबाब बढेको थियो । प्रशासनले राजनीतिक दलहरूको सहमतिमा यो निर्णय गरेको हो । निषेधाज्ञाको अवधिमा मास टेस्टिङको काम अघि बढाउने र संक्रमितको सम्पर्कमा आएकाहरूको कन्ट्याक्ट ट्रेसिङ गरिने प्रशासनले जनाएको छ । उनीहरूको पीसीआर परीक्षणपछि जोखिमपूर्ण स्थानमा चेकजाँच गर्ने निर्णय भएको छ । मास टेस्टिङका लक्षण नदेखिएका तर संक्रमण भएकालाई होम आइसोलेसनमा राख्ने, लक्षण देखिएकालाई मात्रै अस्थायी कोभिड अस्पतालमा लैजाने र आईसीयू तथा भेन्टिलेटरको थप व्यवस्था गर्ने तयारी पनि प्रशासनले गरेको छ ।

राजविराजमा पनि भारतबाट घर फर्किएर क्वारेन्टिनमा बस्नेहरू घट्दै थिए । कोरोना भाइरस संक्रमितको संख्या घट्दो थियो । निको हुनेहरूको संख्या बढ्दो थियो, तर साउन २ गते सप्तरीका ७२ वर्षीय वृद्धलाई कोरोना संक्रमण पुष्टि भएको केही घण्टा मै निधन भयो । श्रीमतीको उपचारका लागि भारत गएका उनी परिवारसहित असार २० गते घर फर्किएका थिए । उनकको मृत्यु लगत्तै कन्ट्याक ट्रेसिङका क्रममा परिवारका सदस्य र पसलमा काम गर्नेसहित १९ जनाको स्वाब संकलन गरेर परीक्षण गरियो । उनका परिवारका पाँच जना, कर्मचारी र व्यापारिक साझेदारसहित सात जनामा पोजेटिभ देखियो । यो लहरो समाउँदै जाँदा २९ जनामा संक्रमण फेलापरेको छ । यो घटनाले मृतक भारतमा रहँदा संक्रमित भएको हुनसक्ने भए पनि उनी फर्केपछि समुदायमा यो संक्रमण बढेको पुष्टि भयो ।




पछिल्लो टक विराटनगर महानगरपालिकाले पनि अत्यावश्यक सेवा बाहेक सबै अनिश्चितकालका लागि बन्द गरेको छ । आइसोलेसनमा रहेका बिरामी निको भएर संक्रमितहरू शून्यतिर झरिरहँदा अचानक एकै दिन २२ जना संक्रमित फेला परे । यसले महानगरलाई अत्याइदियो । परिणाम, फेरि विराटनगरबासी बन्दाबन्दीमा फर्किए । अहिले स्थानीय तवरमा बन्दाबन्दी गर्ने नगर, महानगर सबैले वीरगञ्ज महानगरपालिकामा अवलम्बन गर्न लागिएको नीतिलाई पछ्यायो भने संक्रमणलाई कम गर्न पक्कै सहयोग पुग्नेछ । तर, नागरिक समुदायमा देखिने अटेरिपनले लकडाउन मात्र पर्याप्त हुन्छ कि निषेधाज्ञा नै लगाउनुपर्छ ? परिस्थिति हेरेर नगरपालिका र जिल्ला प्रशासनले भोलिका दिनमा लिनुपर्ने निर्णय हो । कोरोनाको प्रकोप कायमै रहेको वा संक्रमण अझ बढेको अवस्थामा स्थानीय आवश्यकता अनुसार स्थानीय प्रशासन वा स्थानीय सरकारले आवश्यकताको आधारमा निर्णय गर्नु नै अहिलेको उत्तम विकल्प हो ।

संघीय सरकारले जतिबेला बन्दाबन्दीलाई खुकुलो बनाउँदै थियो, त्यही बेलादेखि स्थानीय तहलाई जिम्मेवार बनाउँदै लैजान सक्थ्यो । दुई, अढाई महिनाको बन्दाबन्दी र कोरोना संक्रमणको अवस्था तथा स्वास्थ्योपचारका लागि भएका प्रयत्नबाट स्थानीय तहका सरकारले धेरै सिक्ने मौका पाएका थिए । यसो गरिँदा सामाजिक आर्थिक गतिविधि विस्तारै सहज हुँदै जाने थिए । जहाँ समस्या देखियो, त्यहाँ मात्र जनशक्ति केन्द्रित गर्न पाउँदा सेवा पनि प्रभावकारी हुन सक्थ्यो । प्रदेश वा स्थानीय सरकार भनेको संघीय सरकारसँग अधिकार माग्नका लागि होइन, आ-आफ्ना नागरिकलाई सेवासुविधा दिनका लागि हो । आफ्ना नागरिकलाई आफैँ सुविधा दिने र यथार्थमा सिंहदरबार गाउँ फर्केको अनुभूति गराउनका लागि यो एउटा अवसर हुन सक्थ्यो । अब हामी आफैँ गर्छौं भन्ने आँट र साहस कुनै प्रदेश वा स्थानीय सरकारले देखाउन सकेनन् ।

अब परिस्थिति फेरिएको छ । मानिसको जनजीवनलाई सहज बनाउन र रोगबाट उनीहरूलाई सुरक्षित राख्नका लागि स्थानीय तहमा देखिएका संक्रमणका आधारमा स्थानीय तह आफैँले जिम्मेवारी लिनुपर्छ । मुलुकका सात सय ५३ स्थानीय सरकार यसबारेमा सजग र सचेत रहनुपर्छ । यसले संघीयताको मूल मर्मलाई व्यवहारमा रूपान्तरण गर्न पनि सहयोग पुऱ्याउँछ । अन्यथा अहिले स्थानीय सरकार भनेको नागरिकसँग अधिकतम कर लिने र आफ्ना सुखसुविधामा मस्त रहने गरेको भनेर आलोचित बन्दै आएको छ । नागरिकले तिरेको करबाट नागरिक सेवा दिने काम स्थानीय तहको हो भन्ने प्रमाणित गर्ने अवसरका रूपमा पनि स्थानीय तहले आफूलाई जिम्मेवार बनाउन जरुरी छ । *गोप*

*(आचार्य नेपाल पत्रकार महासंघका पूर्वसभापति हुन् ।)*

# चरित्रहीन को हो ?



**देवी काफ्ले**

ठूलाबडा, महापुरुषहरुले जतिसुकै खोक्रा भाषण छाँटे पनि स्त्री माथि गिद्धे नजर लाउन त माहिर नै हुन्छन् । धार्मिक गुरुहरुदेखि राजनीतिज्ञ, विद्वान, मन्त्री, प्रोफेसर तथा उच्च पदस्थ व्यक्तिहरु समेत यौन दुराचारी भएका खबर समय समयमा हामीले पढे सुने कै समाचार हुन् । छिमेकी मुलुक भारतमा धार्मिक गुरु आशाराम बापु दिनहुँ धार्मिक प्रवचन दिँदै पाप र पुण्यको जोखना गर्ने गर्थे, तर उनको भित्री स्वरुप यौनकाण्डले उदाङ्गो पारिदियो । त्यस्तै नेपालकै धार्मिक गुरु मानिएका रामबहादुर बमजन अर्थात् 'लिटिल बुद्ध' भनिएका पनि निकै विवादमा तानिएका छन् ।

राजनीतिक क्षेत्र पनि यौन दुराचारका लागि मैदानै जस्तो देखिन थाल्यो । सभामुखदेखि वडाध्यक्षसम्म यौनकाण्डमा मुछिए । परीक्षामा राम्रो नतिजा ल्याउन सहयोग गर्ने भन्दै छात्रा विद्यार्थीलाई ब्ल्याकमेल गरेका घटना बाहिर आउँछन् त कहिले जागिरको प्रलोभन दिएर यौनशोषण गरेका घटना बाहिर आउँछन् । कहिले हाकिमबाट कारिन्दा महिला यौन शोषणमा परेका घटना बाहिर आउँछन् । धेरै घटना त जब 'मि टु' को लहर चलेको थियो, त्यतिबेला बाहिर आएको थियो जसमा प्रदेश मन्त्री समेत मुछिए ।

हाम्रो समाजमा पुरुषसँग खुलेर बोल्ने महिलालाई चरित्रहीनको संज्ञा दिइन्छ । अर्थात् कोही महिला पुरुषहरुसँग बिना हिचकिचाहट बोल्नु भनेको पुरुषसँग सहजै लहसिएको अनुमान लगाइदिन्छन् । पुरुषको आँखामा आँखा जुधाएर बोलेपछि नकच्चरीको संज्ञा दिइन्छ अनि सोधपुछ गर्न थाल्छन् कि कस्तो चरित्रको आइमाई हो भनेर ।



पुरुषसँग नजिक भएर वा साथी ठानेर सामान्य छोइयो भने आफूलाई निम्ता दिएको ठानेर तुरुन्तै खराब चरित्रकी गलत आइमाई बनाइदिन्छन् । कामकाज या कुनै पनि बिषयले अबेर रात घरमा आए पनि खराब लत लागेकी चरित्रहीन आइमाईको बिल्ला भिराउन क्षणभर समय लाग्दैन यहाँ । साथी होस् वा आफन्त, तीन दिन लगातार कुनै पुरुषको मोटरसाइकल वा गाडीमा सवार गरेको देखे भने पनि उनीहरुको सम्बन्ध उही एउटी गलत प्रकृतिकी आइमाई र पुरुषको बनाइदिन्छन् । महिलाले लगाएको कपडाबाट उसको चरित्र मापन गरिन्छ । छोटा लुगा, शरीर देखिने लुगा लगाएर पुरुष भड्किन्छ भन्नेहरु हो, तिम्रा घरका महिलालाई बुर्का लगाइदिएका छौ ? फेरि बुर्काको पनि बिरोध किन गर्छौ ? आफ्नो शरीरलाई आफ्नो बशमा पार्न सक्दैनौ भने किन एकोहोरो स्त्रीलाई मात्रै चरित्रहीनताको दोष ?


मैले आजसम्म नबुझेको कुरा- महिलाले पुरुषसँग बोल्दा, सामान्य स्पर्श हुँदा, सँगै काम गर्दा, सँगै खाँदा वा बस्दा चरित्रहीन हुन्छे भने पुरुष चरित्रवान कसरी भयो त ? आखिर महिलालाई चरित्रहीन बनाउने पुरुष होइन त ? कि महिला एक्लै चरित्रहीन हुन् ? अरु आरोप लगाउन सक्नुपऱ्यो कि पुरुषले पनि महिलासँग संसर्ग नगर्न सक्नु पऱ्यो । होइन भने महिला एक्लै चरित्रहीन कसरी ?

महिलालाई हेरेर यौन चाहना पूरा गर्न खोज्ने आफ्ना लालायित आँखालाई कन्ट्रोल गर । महिलासँग छोइएर सन्तुष्टि लिन खोज्ने तिम्रो पापी मन बाँध । आफैले महिलाको शरीरप्रति आशक्ति जनाउँछौ अनि आफै महिलाको चरित्र मापन गर्छौ ? अनि आँखाले हेरेर कस्तो चरित्रकी आइमाई भनेर बुझ्न हिँड्छौ महापुरुषहरु ?

आज महिलाहरु दिनानुदिन तिनै खराब पुरुषको गलत नियतको शिकार बनिरहेका छन् । छोरी बाउसँग सुरक्षित छैन भने अरु कोसँग सुरक्षित होलिन् ? सार्वजनिक यातायातमा हिड्यो भने त्यहीँ अघोषित बलात्कार हुन्छ । अफिस, स्कूल, टोल, छिमेक जहाँ पनि महिला अघोषित बलात्कार भइरहेकी हुन्छे र त्यो बलात्कार गर्ने उनै हुन्छन् जसले सबैभन्दा बढी महिलाको चरित्र मापन गर्दै हिँड्छ । आफूले आफ्नो आशक्ति ब्यक्त गर्छ र यदि महिलाले सहमति जनाइन् भने उसलाई बदचलन आइमाई त्यही पुरुषले भन्छ । खबरदारी गरौं यस्ता पुरुषहरुलाई जसले महिलालाई यौनदासी सम्झन्छ ।

मेरो आशय सबै पुरुष खराब भन्ने होइन । समाजमा केही असल पुरुष पनि नभएका होइनन्, तर केही खराब प्रकृतिका पुरुषका कारण असल पुरुषलाई पनि असर पुगेको छ । जबसम्म पुरुषवादी सोचमा परिवर्तन आउँदैन तबसम्म महिला एक्लै दोषी ठहरिने छिन् । सोच बदलौं ।

# सरस्वतीलाई नेवाः पासा मुना पुचः बिर्तामोडको सहयोग



**बिर्तामोड, साउन १३।** पाँचथर तुम्वेवा-५ हांगुमकी सरस्वती श्रेष्ठलाई नेवाः पासा मुना पुचः बिर्तामोडले आर्थिक सहयोग गरेको छ ।

पाँच वर्षअघि भीरबाट लड्दा मेरुदण्ड र घिच्रोको पछिल्लो भागको हाड भाँचिएर आर्थिक अभावले उपचार हुन नसकी कुँजिएर बस्न बाध्य श्रेष्ठलाई नेवाः पासा मुना पुचः बिर्तामोडले २० हजार दुई सय ५६ रुपैयाँ आर्थिक सहयोग गरेको हो । हाल उर्लाबारी-५ मा दिदी पूजा श्रेष्ठको घरमा बस्दै आएकी सरस्वतीलाई उर्लाबारी निवासमै गएर नेवाः पासा मुना पुचः बिर्तामोडका अध्यक्ष दिनेश श्रेष्ठले उक्त रकम प्रदान गरेका थिए ।

२०७२ सालमा गोठालो जाँदा भीरबाट लडेर मेरुदण्ड र घिच्रोको पछिल्लो भागको हाड भाँचिएर आर्थिक अभावले उपचार हुन नसकी कुँजिएर बस्न बाध्य श्रेष्ठलाई उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले रकम प्रदान गरेको नेवाः पासा मुना पुचः बिर्तामोडका अध्यक्ष दिनेश श्रेष्ठले बताए ।

२०७२ सालयता छोरी सरस्वतीको उपचारमा २० लाख रुपैयाँभन्दा धेरै खर्च भएको र भएको सबै सम्पत्ति बिक्री गरेर छोरीको उपचारमा खर्च गरेको सरस्वतीका पिता रामकुमार श्रेष्ठले बताए । उनले छोरी सरस्वतीको उपचारमा सहयोग गरेर छोरीको जीवन बचाइदिन सबैसँग अपिल समेत गरेका छन् । पाँचथरको मंङलुवुङ् विद्यालयमा कक्षा ७ मा अध्ययनरत् सरस्वतीले पनि आफूलाई बचाइदिन सबैसँग आग्रह गरिन् । आफू पढेर डाक्टर बन्ने इच्छा भए पनि उपचार गर्ने पैसा नभएर कष्टपूर्णरुपमा जीवन बिताउँदै आएकाले उपचारमा सहयोग गर्न सवैलाई आग्रह गरिन् । उनले भनिन्- 'सबैले सहयोग गरे म बाँच्ने थिएँ ।'

हाल उर्लाबारी-५ मा दिदी पूजा श्रेष्ठको घरमा बस्दै आएकी सरस्वतीलाई थप उपचारका लागि सुविधासम्पन्न अस्पतालमा लैजान चिकित्सकले सल्लाह दिएको दिदी पूजा श्रेष्ठले बताइन् । उनले सरस्वतीलाई उपचार गर्न चिकित्सकले ३० लाख रुपैयाँ लाग्ने बताएको र त्यत्रो रकम नभएपछि सरस्वतीलाई घरमै राख्न बाध्य भएको बताइन् ।

सरस्वतीलाई उपचार गर्न सरस्वती बचाउ अभियान समिति समेत सञ्चालन गरिएको उनले बताइन् । सरस्वतीको उपचारमा सहयोग गर्न चाहनेले एनएमबी बैंक उर्लाबारीको खाता नं. ०५३०१२६८९९२०००१२ मा आर्थिक सहयोग गरिदिनु हुन उनले सबैसँग आग्रह गरिन् । त्यस्तै मोबाइल नं. ९८४८२६४४११ मा सम्पर्क गरेर पनि आर्थिक सहयोग गर्न सकिने उनले बताइन् ।

# वर्षा र पहिरोले इलामको ग्रामीण सडक अवरुद्ध

□ गणेश अर्याल




**इलाम, साउन १३।** वर्षाले इलामको बिभिन्न स्थानीय तहका ग्रामीण सडकहरु अवरुद्ध भएका छन् भने कतिपय सडकहरु स्थानीयको पहलमा सुचारु पनि भएको छ ।

सूर्योदय नगरपालिकाको भालुखोपबाट लक्ष्मीपुर, कटुसे, बर्दु हुँदै झापाको खुदुनाबारी जाने सडकको बिभिन्न स्थानमा पहिरो खसेको छ । ठूलोबर्दुस्थित सडकमा गएको पहिरोको कारण कमल मगर र निमा मगरको घर जोखिममा परेको छ । स्थानीयबासीको सहयोगमा पहिरोले बनाएको धाँजा पुरेर घर सुरक्षित गर्ने प्रयास भएको स्थानीय पदम तामाङले बताए ।

त्यस्तै माइजोगमाई र सूर्योदय नगरपालिका जोड्ने सडकको बिभिन्न क्षेत्रमा भल र पहिरोले क्षति पुर्‍याए पछि माइजोगमाई गाउँपालिका सडक ग्राभेल गर्न थालेको छ । ढुंगा बालुवा मिसिएको माटो टिपरमा बोकेर जोगमाई नयाँबजार सडकखण्डमा लगाएर ग्राभेल गरिएको र सडकमा ग्राभेल भएपछि यातायात सहज हुने पत्रकार डम्बरकुमार निरौलाले बताउँछन् ।

यता रोङ गाउँपालिकाको बिभिन्न क्षेत्रमा पनि पानीले सडकमा क्षति पुगेको छ । रोङको सबै वडामा नोक्सान पुगेको बताइएको छ । शान्तिपुर झापा सडक पूर्णरुपमा बन्द रहेको रोङ गाउँपालिका १ का वडा सदस्य तुलसीराम न्यौपानेले बताए । आफै जनप्रतिनिधि भए पनि योजनाको काम गुणस्तरीय नभएकाले नोक्सान व्यहोर्नु परेको उनले आफ्नो फेसबुकवालमा लेखेर दुःख व्यक्त गरेका छन् ।

त्यस्तै रोङ गाउँपालिका ४ को ओभ्रेलीमा पहिरो जाँदा गाउँ जोखिममा रहेको स्थानीय हर्कसिंह राईले बताए । पहिरो गएको स्थानको रोङ गाउँपालिका अध्यक्ष शम्शेर राई, प्रहरी प्रशासन लगायतको टोलीले अनुगमन गरी आवश्यक सचेतनाको लागि आह्वान गरेको स्थानीय हर्कसिंह राईले बताए । त्यस्तै रोङ गाउँपालिका ५ को इरौटार चिसापानी देवानछाप लगायतको क्षेत्रमा सडकमा क्षति भएको वडाध्यक्ष युवराज खाप्तुवाले बताएका छन् ।

त्यस्तै ५ नम्बर वडाको केही क्षेत्रको पहिरो स्काभेटर लगाएर खुलाइएको वडाध्यक्ष खाप्तुवाले बताए । रोङको २, ३, ६ लगायतको वडामा पनि यातायात आवगमनमा समस्या भएको जनप्रतिनिधिहरुले बताएका छन् । अवरुद्ध सडक खुलाउन जनप्रतिनिधि र कर्मचारीहरु अहोरात्र खटिरहेको बताइएको छ ।

# अर्जुनधारामा ड्राागन फलको व्यवसायिक खेती

□ अमित खम्बू



**अर्जुनधारा, साउन १३।** नेपालको लागि नौलो फलकोरुपमा रहेको ड्रागन फलको व्यवसायिक खेती झापाको अर्जुनधारामा शुरु भएको छ ।

दक्षिण अमेरिकाको मेक्सिकोमा उत्पत्ती भएको सिउँडी प्रजातीमा पर्ने उक्त फलको अर्जुनधारा-९ निवासी फलफूल कृषक एवम् शिव बाबा अचार उद्योगका सञ्चालक दीनानाथ शिवाकोटीले व्यवसायिक खेती शुरु गरेका हुन् ।

नगरका केही स्थानमा आंशिकरुपमा ड्रागन फलको केही बिरुवा रोपीए पनि व्यवसायिक रुपमा भने आफूले पहिलोपटक यसको शुरुवात गरेको कृषक शिवाकोटीले दाबी गरे । हाल ५१ वटा पोलबाट बिरुवा रोप्न शुरु गरेको उनले आगामी दिनमा पाँच सयवटा पोलमा दुई हजार बिरुवा रोप्ने लक्ष्य लिएको उनी बताउँछन् । प्रत्येक पोलमा चारवटा बिरुवा रोप्न सकिने एक पोल बराबर लागत मूल्य एक हजार तीन सय रुपैयाँ रहेको उनले जानकारी दिए ।

ड्रागन फलको तीन जाति मध्ये छनौट भएका उत्कृष्ट ग्रेडका बिरुवाहरु आफूले रोपेको उनी बताउँछन् । त्यसैगरी तत्काल शिव बाबा कृषि फार्म तथा नर्सरी प्लान्ट दर्ता गरी ड्रागन फलको खेतीसँगै अन्य इच्छुक कृषकहरुको लागि बिरुवा उत्पादन, प्राविधिकहरुको सहकार्य, बजार व्यवस्थापनमा सहयोग पुऱ्याउने उनले बताए ।

जस्तोसुकै माटोमा खेती गर्न सकिने क्यान्सर प्रतिरोधात्मक गुण रहेको यस फलमा १२ प्रकारका भिटामिन र मिनिरल्स पाइने बताइएको छ । प्राविधिकका अनुसार बिरुवा रोपिएको दुई वर्षमा फल लाग्ने उक्त फलको फूल रातिमात्र फुल्ने गरेको पाइन्छ । एक सय ५० देखि एक किलोग्रामसम्म फल्ने उक्त फल प्रति केजी पाँच सयदेखि एक हजार रुपैयाँ मूल्यमा बिक्री हुने गरेको बताइएको छ । अन्य देशमा व्यवसायिकरुपमा स्थापित भएको यो फल २०५७ सालमा पशु चिकित्सक डा.जगन्नाथ राईले अमेरिकी इञ्जिनियर साथीमार्फत् भियतनामबाट नेपाल भित्र्याएका हुन् ।

यसैबीच कृषक शिवाकोटीले शुरु गरेको ड्रागन फलको एक कार्यक्रमकोबीच उद्घाटन गरिएको छ । नगर प्रमुख हरिकुमार राना र वडाध्यक्ष पुष्पकुमार प्रसाईंले संयुक्तरुपमा उक्त फलको बिरुवा रोपेर कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा कृषक शिवाकोटीका आमा कमलादेवी र बुबा गंगाप्रसाद लगायतको सहभागिता रहेको थियो ।

# सहाराद्वारा ऋण मिनाहासहित आर्थिक सहयोग

□ विमल दाहाल



**माई, साउन १३।** सहारा नेपाल सकोस दानाबारी सेवाकेन्द्र माई नगरपालिकाले माई-२ शितली निवासी शान्ता दनुबारलाई एक लाख ८० हजार रुपैयाँ प्रदान गरेको छ । ऋण तथा लघु सदस्य दनुवारका श्रीमान् वीरबहादुर दनुवारको गत जेठ २ गते मृत्यु भएपछि संरक्षकको मृत्यु भएको भन्दै सहाराले ऋण मिनाहा अन्तरगत नगद सहयोग गरेको दानाबाही शाखा प्रमुख त्रिलोचन तिम्सिनाले जानकारी दिए ।

शाखा प्रमुख तिम्सिनाको अध्यक्षता तथा माई नगरपालिका वडा नम्बर २ का वडाध्यक्ष खम्बसिंह लिम्बूको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि लिम्बूले बीमा कार्यक्रममा सहारासँग माई वडा नम्बर २ सहकार्य गर्न तयार रहेको बताउँदै वडा कार्यालयबाट समेत दनुवार परिवारलाई जनताको आवास कार्यक्रम अन्तरगत सहयोग गर्ने प्रतिबद्धता जनाए ।

चारपाने केन्द्रीय कार्यालय रहेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था दानाबारी शाखाले सेवामूलक, स्थानीय स्तरमा राहात कार्यक्रम, आयआर्जन तथा सिपमूलक कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ ।

शेयर सदस्य र लघु सदस्य गरी दानाबारी शाखामा दुई हजार एक सय ८० जना सदस्य रहेका छन् । शेयर सदस्य हुनलाई चार बर्ष सदस्य, दुई वटा कर्जा चलाएको हुने र अन्य लघु सदस्यले भने बचत तथा ऋण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको बताइएको छ । शेयर सदस्यको एका घरका सदस्यको मृत्यु भएमा ६० हजारसम्म काजकिरिया खर्च प्रदान गर्ने प्रावधान रहेको शाखा प्रमुख तिम्सिनाले बताए ।

यसैबीच सहारा दानाबारी शाखाले आर्थिक बर्ष २०७६/०७७ को कर्जा सुरक्षण कोष तथा सुरक्षा रकम वितरणको समेत जानकारी गराएको छ । कर्जा सुरक्षण कोष तथा सुरक्षा रकम मेट लाईफबाट पाँच जना सदस्यको मृत्युमा तीन लाख २१ हजार रुपैयाँ, श्रीमान्को मृत्यु अन्तरगत तीन सदस्यलाई दुई लाख ४४ हजार एक सय २४ रुपैयाँ, संस्था मार्फत दुईजना श्रीमान्को मृत्युमा एक लाख रुपैयाँ, सुत्केरी भत्ता १४ जनालाई तीन हजारका दरले २१ हजार, सर्पले टोकेको तथा कुकुर बिरालो र बाँदरले टोकेको चार जनालाई १२ हजार, हातखुट्टा भाँचिएको दुई जनालाई तीन हजार र काजकिरियामा बसेको बेला दिइने खर्च एक जनालाई ३० हजार गरी छ लाख ४१ हजार एक सय २४ प्रदान गरिएको शाखा प्रमुख तिम्सिनाले जानकारी दिए । कार्यक्रमको सञ्चालन संस्थाका कर्मचारी उत्तमबहादुर थापाले गरेका थिए ।

# ३३ घरधनीलाई सम्मान

□ टंक विकल्प

**बुधबारे, साउन १३।** विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस महामारी फैलिएको बखत नेपाल सरकारद्वारा लागू लकडाउन अवधिभर भाडा शर्तमा व्यवसाय गर्ने व्यवसायीहरूलाई भाडा छुट गर्ने ३३ जना घरधनीहरूलाई सम्मान गरिएको छ ।

झापा उद्योग वाणिज्य संघ शाखा बुद्धशान्तिको आयोजनामा भएको कार्यक्रममा खड्ग प्रसाईं, सीता चापागाईं, बिजुलीप्रसाद खरेल, मदन संग्रौला, हिरा सापकोटा, चन्द्र उप्रेती, लेखनाथ सुवेदी, केशव ढुङ्गेल, सीता ढकाल, वेदकुमार श्रेष्ठ, गंगा दूधराज, प्रह्लाद पाठक, कौशल पोखरेल, भवानी खतिवडा, श्रीलाल रसाइली, दीपेन्द्रराज कार्की, मविन्द्र शिवा, बेनुप्रसाद संग्रौला, देउमान लिम्बू, नेत्र पौड्याल, खड्ग श्रेष्ठ, शान्ता श्रेष्ठ, टिकाराम घिमिरे, योगेश्वरी कट्टेल, हरि पौड्याल, विष्णु खनाल, टीका धिमाल, लक्ष्मीप्रसाद उप्रेती, तुलसीराम विमली, दीपक ढकाल र लिलावल्लभ आचार्यलाई सम्मान गरिएको हो । त्यसैगरी भाडा छुट गर्ने संघ-संस्थाहरू रामजानकी मन्दिर र झापा उद्योग वाणिज्य संघ बुद्धशान्ति शाखालाई समेत सम्मान गरिएको थियो ।

संघका शाखा अध्यक्ष रुद्र चापागाईंको अध्यक्षता र शाखाका पूर्व अध्यक्ष बेणुप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा खड्ग प्रसाईं र हिरा सापकोटाले मन्तव्य राखेका थिए ।

कार्यक्रममा संघका उपाध्यक्ष चन्द्र उप्रेतीले औचित्यमाथि प्रकाश पारेका थिए भने स्वागत कार्यसमिति सदस्य विष्णु मैनाली उप्रेती गरेकी थिइन् । संघका निवर्तमान अध्यक्ष गोविन्द पौड्यालको संयोजकत्वमा भएको कार्यक्रमको सञ्चालन लक्ष्मी उप्रेतीले गरेका थिए ।

# खोलाले बगाएर बालकको मृत्यु

**बुद्धशान्ति, साउन १३।** बुद्धशान्तिमा खोलाले बगाएर एक बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बुद्धशान्ति गाउँपालिका-३ पिपलबोटेका महेश राईका छोरा ४ वर्षीय मौषम राई रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक राकेश थापाले बताए ।

घर बाहिर खेल्ने क्रममा घर नजिकै रहेको हडिया खोलाले उनलाई बगाएको थियो । खोलामा बग्दै गरेको अवस्थामा स्थानीयले तत्काल उद्धार गरी बालकलाई उपचारका लागि स्थानीय लिभिङ होप पोलिक्लिनिक बुधबारेमा लगे पनि उनको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी थापाले जानकारी दिए ।

इलाका प्रहरी कार्यलय धुलाबारीबाट गएको प्रहरीको टोलीले कानूनी प्रक्रिया अघि बढाई घटना सम्बन्धमा थप अनुसन्धान समेत भइरहेको बताइएको छ ।


टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो.९८१५९५२४९९
९८४१३२१४६४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'




सम्पर्क ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ

फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फलेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ

लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाई सम्झनुहोस

७ बर्ष १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
श्रुतिबिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



उपचार हुने समस्याहरु :

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ । चिताएको काम बन्नेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । नोकरी तथा व्यवसायमा विशेष फाइदा होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । चल प्रक्रिया नमिल्नाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** तत्काल फाइदा नहुने काममा जुट्नुपरे पनि उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । समाजमा काम देखाएर फाइदा उठाउनुपर्ने समय छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ गर्ने अवसर मिल्नेछ । केही चुनौति सामना गर्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समस्या दर्शाउँदा सहयोगी फेला पर्नेछन् । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धिले लक्ष्य पहिल्याउन सकिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** नसोचेको अवसरले जिम्मेवारी दिलाउन सक्छ । टाढिएका साथीभाइ नजिकिनेछन् भने मित्रता नै फाइदाको संवाहक बन्न सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** घुमफिर तथा मनोरञ्जनको समय छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रेम र मित्रताको बन्धन कसिनेछ । काममा साथीभाइबाट सहयोग मिल्नेछ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो बनाउनेछ ।